तारकेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दाङसिङ, नुवाकोट

प.सं.: ०७८/०७९
च.नं.:

बागमती प्रदेश , नेपाल
मितिः २०७८/११/०२

## आगामी आ.व.०७९/८० का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धमा फाराम भर्ने सम्बन्धी सूचना !!!

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सोको नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संशोधन, २०७८ सहित) बमोजिम १८-५९ वर्ष उमेरका तर नेपाल सरकारले तोकेको न्यूनतम आय (५७,७००/- वार्षिक) भन्दा कम आय भएको कुनै पनि स्व-रोजगारमा संलग्न नभएको व्यक्तिलाई बेरोजगार व्यक्ति मानेको छ। सोही कार्यविधि अनुसार आ. व. २०७९/०८० का लागि न्यूनतम रोजगारीमा आबद्ध भई सामुदायिक तथा अन्य विकास निर्माणमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले आफू बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा २०७८ फागुन महिना भित्रमा निवेदन फाराम दिई सक्नु पर्ने, चैत्र महिना भित्र अनलाइन साइटमा ईन्ट्रि गरि सक्नु पर्ने, २०७९ वैशाखमा प्राथमिकरण गरि सक्नु पर्ने र त्यसै ईन्ट्रि अनुसार असारमा बजेट विनियोजन हुने व्यवस्था भएको जानकारी गराइन्छ।

यस कार्यक्रम मार्फत न्यूनतम रोजगारी प्रदान गरी विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरा भित्र ल्याउन सहयोग पुर्याउने लक्ष्यलाई विवाद रहित, निष्पक्ष र सफल पार्न बेरोजगार व्यक्तिको परिवारले दिने निवेदनमा निवेदकका र निजका परिवारको सम्पूर्ण विवरण यथार्थ, स्पष्ट र बडा कार्यालयबाट प्रमाणित भई आएको हुन पर्नेछ। अन्यथा, अपूर्ण र झुट्टा निवेदन रद्द गरिनेछ। पूर्ण विवरणका लागि आवश्यक विवरण तपसिलमा उल्लेख गरिएको छ।

**तपसिल**

१. निवेदक सहित निजका परिवारको सम्पूर्ण सदस्यहरूको नागरिकता वा जन्म दर्ता प्रमाण पत्र अनुसारको सहि र स्पष्ट विवरण; नाम, नागरिकता नं., जन्म मिति, जारी जिल्ला, जारी मिति।

२. निवेदकसँग निजका परिवारको सम्पूर्ण सदस्यहरूको नाता।

३. निवेदक सहित निजका परिवारको सम्पूर्ण सदस्यहरूको रोजगारीको अवस्था।

४. निवेदक सहित निजका परिवारको सम्पूर्ण सदस्यहरूको सामाजिक सुरक्षा भत्ता वा अन्य सरकारी सुविधा लिए/ नलिएको विवरण।

५. निवेदक सहित निजका परिवारको सम्पूर्ण बेरोजगार सदस्यहरूको मात्र सीप, शैक्षिक योग्यता, र बैंकको खाता विवरण।

६. निवेदकको वार्षिक पारिवारिक आम्दानी।

पुनश्च :- यदि फाराम भर्न सम्बन्धी केही गुनासो वा अप्ठ्यारो परे सम्बन्धित वडा कार्यालय वा पालिका स्थित रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न हुन पनि विनम्र अनुरोध गर्छौं।

ज्ञान कुमार श्रेष्ठ
रोजगार संयोजक

सन्तोष कुमार खत्री
**प्रमुख प्रशासकीय अधिकृत**